# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

प.सं. २०८०/८१
च.नं.

शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल


मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

स्थानीय राहत अनुदान शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८०
(तेस्रो पटक प्रकाशित सूचना २०८०/०५/०८)

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०४/१२ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगतका आधारभूत (कक्षा ६-८) तथा माध्यमिक (कक्षा ९-१०) तहका विद्यालयहरुमा तपसिल बमोजिमको तह, विषय र संख्यामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| आधारभूत तह (६-८) | | | |
|---|---|---|---|
| विज्ञापन नं. | १०३/०८०/८१ | १०४/०८०/८१ | कैफियत |
| विद्यालयहरु ⮟ विषयहरु ➢ | गणित/विज्ञान | विज्ञान | |
| श्री लटिनाथ आवि बसेडी | - | १ | |
| श्री खान मावि ऐरिछाना | १ | - | |
| जम्मा | १ | १ | |

| माध्यमिक तह (९-१०) | | | |
|---|---|---|---|
| विज्ञापन नं. | २०३/०८०/८१ | २०४/०८०/८१ | कैफियत |
| विद्यालयहरु ⮟ विषयहरु ➢ | गणित | विज्ञान | |
| श्री राष्ट्रिय मावि ठिङ | - | १ | |
| श्री खान मावि ऐरिछाना | १ | - | |

| | | | |
|---|---|---|---|
| श्री सरस्वती मावि सेलिचामा | - | १ | |
| श्री गरडा मावि बाँकू | १ | - | |
| जम्मा | २ | २ | |

१. परीक्षाको किसिम: लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तर्वार्ता

२. परीक्षा सञ्चालन : i) आधारभूत (कक्षा ६-८) तह र माध्यमिक (कक्षा ९-१०) तहका लागि लिखित (सामान्य) परीक्षा सञ्चालन हुने मिति र समय क्रमश: मिति २०८०/०६/१५ गते बिहान ११:०० बजे र दिउँसो १:०० बजे।

ii) लिखित (विषयगत) परीक्षाको मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ।

iii) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित (विषयगत) परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।

३. परीक्षा केन्द्र: शंकरपुर मावि पस्तीमा हुनेछ।

४. दरखास्त दस्तुर: आधारभूत तह ६-८ को लागि रु ७००(सात सय मात्र) माध्यमिक तह ९-१० को लागि १००० (एक हजार मात्र)।

५. पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ।

६. दरखास्त दिने अन्तिम मिति :२०८०/०६/१४ गते कार्यालय समयभित्र।

७. उमेद्वारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
तर मालिकार्जुन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यालयले नै नियुक्ति दिई हालसम्म अविछिन्न रुपमा काम गरिरहेकाहरुको हकमा पहिलो पटकको लागि उमेर हद लाग्ने छैन।

८. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

क. नेपाली नागरिक

ख. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको।

ग. आधारभूत तह (कक्षा ६-८) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालम प्राप्त गरेको र माध्यमिक (कक्षा ९-१०) तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रडिट आवर) उत्तीर्ण

गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको। तर गणित र विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको उम्मेदवार हुन सक्नेछन्।

९. पेश गर्नु पर्ने कागजातहरु

- क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- ख. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
- ग. अध्यापन अनुमति पत्रको प्रतिलिपि
- घ. तालिमको प्रमाणपत्रको प्रतिलिपि
- ङ. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र)
- च. मालिकार्जुन गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुमा विद्यालयले नियुक्ति दिई हालसम्म अविछिन्न रुपमा कार्यरत ४० वर्ष नाघेका शिक्षकहरुको हकमा विद्यालय व्यवस्थापन समितिले निजलाई नियुक्ति गर्दाको निर्णयको प्रमाणित प्रतिलिपि, नियुक्ति पत्रको प्रतिलिपि र सम्बन्धित विद्यलयबाट अविछिन्न रुपमा हालसम्म सेवा गरिरहेको प्रमाणित पत्र।
- छ. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लेख भएबमोजिम हुनेछ।

११. विज्ञापन सम्बन्धी विशेष व्यवस्था:

उल्लिखित विज्ञापनमा विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा ६ को उपदफा (४) बमोजिम अंग्रेजी, गणित र विज्ञान विषयको हकमा तीन पटकसम्म विज्ञापन गर्दा पनि दरखास्त पर्न नआएमा न्यूनतम योग्यता भएको तर अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई पनि छनोट प्रक्रियामा सहभागी गराउन सकिने व्यवस्था भएकाले सोही बमोजिम न्यूनतम योग्यता भएको तर अध्यापन अनुमति पत्र नभएको व्यक्तिको पनि दरखास्त स्वीकृत गर्न सकिनेछ। यदि अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति तथा शिक्षक सेवा आयोगको करार सूचीमा रहेको व्यक्तिको दरखास्त पर्न आएमा अन्य दरखास्त स्वत: खारिज हुनेछन्।

प्रमुख प्रशासकीय अधिकृत